मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

- आत्महत्या कुनै पनि समस्याको समाधान होइन,
- कुनै पनि समस्या र चुनौतिबाट नभागौं, डटेर सामना गरौं,
- सकारात्मक सोचको विकास गरौं, आशावादी बनौं,
- घर-परिवार र आफूमा आश्रित सदस्यको भविष्यमाथि विचार पुऱ्याऔं,
- आत्मविश्वास बढाऔं, समस्याको उचित समाधान पहिल्याउँ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

◆ वर्ष : २८ ◆ अङ्क : २७८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८० भदौ ८ गते शुक्रबार (Friday, August 25. 2023) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु. : ४/-

आर्थिक अपराधका घटनामा वृद्धि

काठमाडौं, भदौ ७। पछिल्लो समय अपराधका स्वरूप बदलिन थालेका छन् । अन्य अपराधका घटनाका तुलनामा आर्थिक अपराधको संख्या बढी रहेको प्रहरीको तथ्याङ्कमा उल्लेख छ ।

वैदेशिक रोजगारीमा पठाउने भन्दै ठगी गर्ने, रकम नभएको बैंक खाताको चेक दिने, बैंक खाता 'ह्याक' गरी अनधिकृतरूपमा रकम चोरी गर्नेलगायत आर्थिक अपराधका घटना प्रहरीमा दर्ता भएका छन् ।

जिल्ला प्रहरी परिसर काठमाडौंमा पछिल्लो सात महिनामा दर्ता भएकामध्ये आर्थिक अपराधसँग जोडिएका मुद्दा ५० प्रतिशत बढी छन् । सो अवधिमा आर्थिक अपराध (बैंकिङ कसुर) का मात्रै चार हजार सात सय २३ उजुरी दर्ता भएका छन् । गत माघदेखि गत साउन मसान्तसम्म परिसरमा कूल आठ हजार नौ सय २३ मुद्दा दर्ता भएका छन् ।

जिल्ला प्रहरी परिसर टेकुमा विहीवार आयोजित पत्रकार सम्मेलनमा प्रहरी वरिष्ठ उपरीक्षक दानबहादुर कार्कीले अन्य घटनाको तुलनामा आर्थिक अपराधका घटनामा वृद्धि भएको बताए । प्रहरीले सो अवधिमा बैङ्किङ कसुरमा सात सय २१ जनालाई पक्राउ गरेको छ । उनले आर्थिक अपराधका घटना हुन नदिन नागरिक स्वयम् सचेत हुनुपर्नेमा जोड दिँदै आर्थिक अपराध कमी गर्न जनचेतना आवश्यक रहेको बताए ।

सो अवधिमा अभद्र व्यवहारसम्बन्धी एक हजार नौ सय १७, चोरी चार सय २४, ठगी दुई सय ४३, लागूऔषध दुई सय २२, आत्महत्या दुई सय ४८, महिला तथा बालबालिका दुई सय २४, सवारी ज्यान तथा अङ्गभङ्ग एक सय १५, कर्तव्य ज्यान १३ र अन्य अपराधका सात सय ९४ घटना दर्ता भएको जिल्ला प्रहरी परिसर काठमाडौंका जानकारी दिए ।

परिसरमा माघदेखि साउनसम्म तीन सय ३२ घटनामा रु. पाँच करोड ४१ लाख ६९ हजार सात सय ३२ बराबरको ठगी भएको निवेदन परेको छ । पार्सल तथा डलर पठाई करबापतको रकम जम्मा गर्न लगाउने, वैदेशिक रोजगारीमा पठाइदिने भन्दै ठगी गर्ने, बैंक खातामा अनधिकृत पहुँच पुऱ्याइ रकम चोरी गर्ने, अनलाइनमा सामान तथा सेवा खरिदबिक्री, सामाजिक सञ्जालमा पहुँच पुऱ्याई ठगी, चिट्ठा परेको भन्दै सर्वसाधारणलाई ठगी गर्दै आएको प्रहरीले जनाएको छ ।

(बाँकी अन्तिम पृष्ठमा)

कहिले खुल्छ टिप्ताला नाका ?

फुङ्लिङ, भदौ ७। ताप्लेजुङको ओलाङ्चुगोलामा अवस्थित टिप्ता नाका चार वर्षदेखि बन्द भएको छ । चीनबाट कोरोना भाइरस सङ्क्रमण विभिन्न राष्ट्रमा बढ्दै गएपछि बन्द भएको टिप्ताला नाका अहिलेसम्म खुल्न नसक्दा सीमावर्ती क्षेत्रमा समुदायहरुले सास्ती खेप्नु परेको छ ।

कोरोना भाइरस सीमावर्ती हुँदै छिमेकी मुलुकमा समेत फैलन सक्ने भनी चीनले नाकामा आवतजावत बन्द गराएको थियो । सडक निर्माणका लागि आएका चिनियाँ कामदारको टोली फर्किएलगत्तै रिउ प्रशासनबाट आवतजावतमा रोक लगाउन अनुरोध भएको थियो । आफ्नो देशमा कोरोना भाइरसको सङ्क्रमण फैलिएको र आवतजावतका कारण अन्यत्रसमेत फैलन सक्ने भनी यसबाट बच्न केही समयसम्मका लागि आवतजावतमा रोक लगाईदिन रिउ प्रशासनबाट अनुरोध भएसँगै नाका बन्द भएको थियो ।

सीमावर्ती क्षेत्र बस्ती याङ्मा, थुदाम, ओलाङ्चुङ्गोला र तोक्पेगालावासी दैनिक उपभोग्य सामग्रीका लागि चिनियाँ बजारकै भरमा रहने गरेका छन् । वर्षामा बाढी, पहिरालगायत कारण स्थानीयवासी सदरमुकाम फुङ्लिङसम्म आइपुग्न सक्दैनन् । फक्ताङलुङ-७ ओलाङ्चुङ्गोला, याङ्मा र घुन्सा क्षेत्रका समुदायको ९० प्रतिशत चीनको बजारमा निर्भर रहेको स्थानीयवासी छेतेन टाँसी शेर्पाले बताए । उनले भने- लामो समयसम्म नाका बन्द हुँदा दैनिक जीवनमा आवश्यक खाद्य तथा अन्य सामग्री चीनबाट आउन बन्द भएको छ । याक, चौंरीका लागि नूनदेखि अत्यावश्यक खाद्य सामग्रीमा ल्याउन पाइएको छैन ।

नाका बन्द भएपछि चीनसँगको व्यापार ठप्प भएको फक्ताङलुङ गाउँपालिका-७का वडाध्यक्ष छेतेन भोटेले बताए । समुद्र सतहदेखि तीन हजार २०० मिटर उचाइमा पर्ने ओलाङ्चुङ्गोला क्षेत्रका समुदायको प्रमुख व्यवसाय व्यापार र पशुपालन हो । त्यस्तै समुद्र सतहदेखि चार हजार २०० मिटरमा पर्ने याङ्माका समुदाय पनि चीनको बजारमा निर्भर हुँदै आएको थियो ।

लामो समयसम्म पनि टिप्ताला नाका नखुलेपछि आवश्यक खाद्य सामग्री ताप्लेजुङको सदरमुकामदेखि ढुवानी गर्दै आएको कञ्चनजङ्गा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्का सहायक कार्यक्रम संयोजक जितेन चेम्जोङले बताए । उनले भने- विगतदेखि नै याङ्माका समुदाय चीनको बजारमा निर्भर हुँदै आएको थियो । याङ्मा बस्तीमा नाका बन्द भएदेखि उहाँहरू नेपाली बजारमा भर पर्न थालेका छन् । नाका बन्द भएपछि आर्थिक सङ्कट हुँदै आएको चेम्जोङले बताए । चीनका विभिन्न बजारमा यहाँको चौंरी, याक तथा पशुजन्य खाद्य पदार्थहरुको प्रमुख बजार हो ।

फक्ताङलुङ-७ वडा कार्यालयका कार्यालय सहायक तेन्जिङ वालुङका अनुसार चौंरी, याक, घिउ, छुर्पी, याक, चौंरीका मासु, जमर (याकको पुच्छर) चीनको बजारमा व्यापार हुने गरेको छ । उनले भने- चार वर्षदेखि नाका बन्द भएको छ । चीनसँग व्यापार चलेको छैन । व्यापार नभएपछि आय-आर्जनको बाटो नै बन्द भएको छ । पशु व्यवसायदेखि उत्पादित पशुजन्य वस्तुले बजार नपाएपछि पशु व्यवसायी आर्थिक सङ्कटको चपेटामा परेको वालुङले बताए । ओलाङ्चुङ्गोलामा बुनिएका गलैंचाले चीनमा राम्रो बजार लिएको थियो ।

गलैंचा बिक्री गरेरै यहाँका समुदायहरु राम्रो आयआर्जन गरेका थिए तर चार वर्षदेखि गलैंचा घरमै थुप्रिराखेको ओलाङ्चुङ्गोलावासी लामा भुजुङ शेर्पाले बताए । उनले भने- मेरा घरमा ५० वटा गलैंचा थुपारिराखिएको छ । जिल्ला सदरमुकाम फुङ्लिङ बजारमा लगेर बेचेमा कम मूल्यमा बिक्री गर्नुपर्छ । त्यसैले घरमै राखेको छु । घर खर्च टार्न उत्पादन गरिएको गलैंचा सदरमुकाम पुऱ्याएर उत्पादन लागतभन्दा कम मूल्यमा बिक्री गर्न बाध्य भएको शेर्पाले बताए ।

ओलाङ्चुङ्गोलाको नाका हुँदै चीन पठाउन इलाम, पाँचथर, तेह्रथुम र ताप्लेजुङका विभिन्न स्थानमा उत्पादित चिराइतो धेरै अघि ओलाङ्चुङ्गोलामा पुऱ्याएर राखिएको थियो । लामो समयसम्म नाका बन्द हुँदा फेरि सदरमुकाम हुँदै भारतको सिक्किम पठाउनुपरेको व्यापारी दावाच्युङदाक शेर्पाले बताए ।

चीनमा चिराइतो निकासी नभएपछि ताप्लेजुङ, पाँचथर, इलाम र तेह्रथुम जिल्लाका चिराइतो कृषक निराश भएको सिरिजङ्गा गाउँपालिका-७ यामफुदिन निवासी मनकुमार राईले बताए । उनले भने- पहिला पहिला चिराइतो खोज्दै व्यापारी घरघर आउँथे तर आजभोलि त्यसको कुरा गर्ने व्यापारी भेटिँदैन । चीनतर्फ चिराइतो निर्यात हुन छाडेसँगै खेती गर्न छाड्दै गएको फक्ताङलुङ-६ निवासी चिराइतो कृषक राजकुमार राईले बताए ।

लामो समय टिप्ताला नाका बन्द हुँदा गोला, याङ्मा, घुन्सा र फलेका साथै फक्ताङलुङ गाउँपालिकाका विभिन्न बस्तीमा बस्ने समुदाय सदरमुकाम फुङ्लिङ बजारमा निर्भर रहनुपरेको छ । सदरमुकामदेखि ओलाङ्चुगोलासम्म ५० केजी चामल पुऱ्याउँदा प्रतिकेजी रु. सय ढुवानी भाडा पर्न आउँछ । पचास केजी चामल एक बोराको रु. पाँच हजार ढुवानी खर्च पर्न आउने फक्ताङलुङ-७का वडाध्यक्ष शेर्पाले बताए । सदरमुकाम फुङ्लिङदेखि एक दिनमा लेलेपसम्म गाडीमा सामान पुऱ्याउन सकिन्छ । लेलेपदेखि खच्चर र मान्छेले बोकेर ओलाङ्चुङ्गोला, याङ्मा, फले र घुन्सा जस्ता तीन हजार २०० देखि चार हजार ५०० सय मिटरसम्मको उचाइका बस्तीसम्म खाद्य सामग्री ढुवानी गर्नुपर्छ । सामानमा परेको मोलभन्दा ढुवानीमा तीन गुणा बढी खर्च हुने शेर्पाले बताए ।

नाका बन्दा नहुँदासम्म चीनदेखि टिप्ताला नाकासम्म चीनको गाडीले सामान ल्याउने गरेको थियो । सीमा क्षेत्रदेखि आफ्नै याकमा सामान बोकाएर घरसम्म पुऱ्याइने गरेको शेर्पाले बताए । उनले भने- चीनदेखि सामान ल्याउँदा ढुवानी खर्च एकदम कम हुन आउँछ, तर सदरमुकामदेखि ल्याउँदा सामानको खरिद मोलभन्दा तीन गुणा बढी खर्च पर्न आउँछ । कतिपय परिवारमा सामान ढुवानी गर्न पनि समस्या हुने गरेको शेर्पाको भनाइ छ ।

याङ्माका कान्दे ग्याबु शेर्पाको दुई वर्षअघि ३२ याक थिए तर अहिले उनीसँग बढेर ६४ याक छन् । कोरोनाका कारणले चार वर्षदेखि चीनतर्फको नाका बन्द भएसँगै याक चीनका बजारमा बिक्री नहुँदा याकको संख्या बढ्दै गएको शेर्पाले बताए । उनले भने- चार वर्ष भयो, याक बिक्री भएको छैन । कोरोनाका कारणले चीनले नाका

(बाँकी अन्तिम पृष्ठमा)

लक्की ड्रमा आइफोन जितेको भन्दै ठगी

काठमाडौं, भदौ ७। विभिन्न सामाजिक सञ्जालमार्फत रकम ठगी गरेको अभियोगमा दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा पर्सा बहुदामाई नगरपालिका-८ बस्ने ३० वर्षीय राज कुमार पण्डित र रौतहट कटहरिया नगरपालिका-१ बस्ने २१ वर्षीय उमेशकुमार यादव रहेका छन् ।

सामाजिक सञ्जाल टिकटक, फेसबुक, ह्वाट्सएपमा जमजम इलेक्ट्रोनिक्समार्फत लक्की ड्रमा आइफोन जितेको र कस्टम क्लियरेन्सको लागि पैसा पठाउनुपर्छ भन्दै महिलालाई विभिन्न बैंक खातामा रकम जम्मा गर्न लगाई ठगी गरेको उजुरीको आधारमा नेपाल प्रहरी प्रधान कार्यालय साईबर ब्यूरो भोटाहिटीबाट खटिएको प्रहरीले प्राविधिक अनुसन्धान र विश्लेषण गर्दा उनीहरुको संलग्नता रहेको खुल्न आएपछि उनीहरुलाई ललितपुर, कुपण्डोल गुसिङ्गालबाट पक्राउ गरेको हो ।

उनीहरुबाट नगद ४९ लाख ९५ हजार रुपैयाँ, मोबाइल ७ थान, सिम १ सय ८३ थान, एटिएम कार्ड १२ थान र राउटर १ थान प्रहरीले बरामद गरेको छ ।

उनीहरु उपर विद्युतीय माध्यम सम्बद्ध ठगी कसूरमा काठमाडौं जिल्ला अदालतबाट ७ दिन म्याद थप अनुमति लिई प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ

मुद्रा लुकाएर दुबई लैजान लाग्दा...

काठमाडौं, भदौ ७। अवैध रुपमा लुकाइछिपाइ बाह्य मुलुकतर्फ लैजान लागेको मुद्रासहित एक जना पक्राउ परेका छन् ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अवैध रूपमा बाह्य मुलुकतर्फ लैजान लागेको १ सय दरको ३१ थान, २० दरको ५ थान गरी जम्मा ३ हजार २ सय अमेरिकी डलर र १ हजार दरको ३ सय थान, ५ सय दरको ११ सय थान गरी ८ लाख ५० हजार नेपाली रुपैयाँसहित फिलिपिन्सका नागरिक ३२ वर्षीय आर्सेनियो जेआर मेसालाई प्रहरीले पक्राउ गरेको हो ।

फ्लाई दुबईको उडानद्वारा काठमाडौंबाट दुबई जान लागेका उनलाई बिमानस्थलको अन्तर्राष्ट्रिय उडानतर्फको प्रस्थान ह्याण्ड ब्यागेज चेकिङ एरियामा प्रहरीले जाँच गर्ने क्रममा उक्त मुद्रासहित फेला पारी पक्राउ गरेको हो । उनलाई आवश्यक अनुसन्धान एवम् कानूनी कारबाहीको लागि राजश्व अनुसन्धान विभाग हरिहरभवन पुल्चोक ललितपुर पठाइएको छ ।

इलाममा टेम्पोको भाडा दर तोकियो

इलाम, भदौ ७। इलाम नगरपालिकाले इलाम नगर क्षेत्रभित्र सञ्चालनमा रहेका टेम्पोको लागि भाडादर कायम गरेको छ ।

नगरको कार्यपालिका बैठकले इलाम चोकबजारलाई केन्द्र मानेर आसपासमा जाने टेम्पोहरुको भाडादर तोकिदिएको हो ।

कार्यपालिकाले चोकबजारबाट जिरो किलोमिटर, फूलगाछी, चियाबारीको पब्लिक हल, जिल्ला अदालत, मालपोत कार्यालय, जिल्ला प्रशासन कार्यालय, नापी कार्यालय, विद्युत् अफिस, भ्यूटावर, लोकसेवा आयोगको कार्यालय हुँदै धोवीधारा सम्मलाई प्रतिव्यक्ति ३५ रुपैयाँ र रिजर्भ एक सय रुपैयाँ तोकेको छ ।

यस्तै चुरेघाँटी, भालुदुङ्गा, पिपलबोटे, गडीथुम्का, आर्मी क्याम्प, शनिश्चरे डाँडा व्यायाम पार्क, वाह्रबस्ती, थेबेचोक, पोखरी स्कूल, यातायात कार्यालय सेरा, ८ नम्बर वडा कार्यालय हुँदै सिडफ्रिड अस्पतालसम्म प्रतिव्यक्ति ५० र रिजर्भ १५० रुपैयाँ तोकिएको छ ।

गोलाखर्क भन्ज्याङ, विल्व्याँटे, बालनगाउँ, ठूटेबर सिडफ्रिडसम्म प्रतिव्यक्ति ८० र रिजर्भ २ सय ४० रुपैयाँ तोकिएको छ ।

यसैगरी पर्यटकीय स्थल भालुदुङ्गा, बालनगाउँ होमस्टे, ठुटेवर, सिडफ्रिड सम्म रिजर्भ दुई-दुई सय रुपैयाँ तोकिएको नगरपालिकाले जनाएको छ ।

प्रहरीमा जागिर लगाइदिने भन्दै ठग्ने पक्राउ

काठमाडौं, भदौ ७। प्रहरीमा जागिर लगाइदिन्छु भन्दै दुई लाख रुपैयाँ ठगी गरेको आरोपमा एक जना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा दाङ पाल्पाको तानसेन नगरपालिका-३ घर भई काठमाडौको चन्द्रागिरी बस्दै आएका ५८ वर्षीय नरेश गौतम रहेका छन् । उनलाई काठमाडौबाट पक्राउ गरेको प्रहरीले जनाएको छ ।

गौतमले दाङकी २२ वर्षीया युवतीलाई प्रहरी जवानमा भर्ना गराएर जागिर लगाइदिन्छु भन्दै पटक-पटक गरेर दुई लाख रुपैयाँ लिएर ठगी गरेका थिए । पीडित युवतीले उजुरी दिएपछि उनलाई प्रहरीले पक्राउ गरेको हो । काठमाण्डौबाट पक्राउ गरी दाङ लगिएका उनीविरुद्ध ठगी कसूरमा १२ दिनको म्याद लिएर अनुसन्धान अघि बढाएको दाङका प्रहरी नायब उपरीक्षक (डीएसपी) राजनकुमार गौतमले जानकारी दिए ।

कोरिया लैजाने भन्दै ठगी

भगीरथ भण्डारी

इलाम, भदौ ७। सरकारले भाषा पास गरेका भन्दा बाहेकलाई कोरिया जान रोक लगाएको थाह हुँदाहुँदै पनि सिँधै कोरिया जाने आशामा युवाले लाखौं रुपैयाँ खर्च गरिसकेका छन् ।

भाषा परीक्षा पास नगरी कोरिया जान बन्द भएको थाहा हुँदाहुँदै पनि परीक्षामा सामेल नै नभई कोरिया जाने तयारीमा इलामका युवाले सिप वेल्डिङको तालिम लिए । पानी जहाज बनाउने कम्पनीकै लागि कामदार माग भएको भन्दै इलाम सदरमुकाममा तालिम लिएका युवा अझै पनि कोरिया जाने आशामै छन् ।

यता इपिएस कोरिया शाखाले सिप वेल्डिङका लागि पनि पहिले भाषा पास गर्नै पर्ने जनाएको छ । साउन ६ गते रुट इन्डस्ट्रीको तालिम प्रयोजनको आवेदन खुलेको सूचना निकालेको

छ । उक्त सूचनाले भाषा पास नगरी सिधै कोरिया जान नपाउने उल्लेख गरेको छ ।

तालिम र कोरिया भाषा उत्तीर्ण पश्चात् रोजगारीमा छनौट भएकाहरूले मात्रै वेल्डिङ क्षेत्रमा कार्य गर्नुपर्ने सूचना आए पश्चात् सिधै कोरिया जान तालिम लिएकाहरूको के हुन्छ ? भन्ने अन्योल बनेको हो । कोरिया जानका लागि भन्दै ४५ वर्ष सम्म उमेर समूहकाले तालिम लिए पनि कोरिया शाखाले ३५ वर्ष ननाघेको हुनुपर्ने उल्लेख गरेको छ । पटक-पटक भाषा पास गरेपछि मात्रै कोरिया जान पाउने सूचना आइरहँदा पनि सिधै कोरिया पठाउने भन्दै महिना दिनसम्म तालिम लिएका युवाहरू अझै पनि कोरिया लैजाने भनिरहेको भन्दै जाने चक्करमै रहेको पाइएको छ ।

सिप सिकेर कोरिया जाँदा काम पाइने भन्दै इलामको टुँडीखेल छेउमा सञ्चालन भएको तालिम केन्द्रमा धेरैले तालिम लिए । पहिले सिप सिकेपछि कोरिया पठाउने भन्दै शुरुमा प्रतिव्यक्ति ९० हजार रुपैयाँ उठाइयो । उक्त रकम राष्ट्रिय वाणिज्य बैंकमा रहेको एसीइ स्किल ट्रेनिङ सेन्टरका नामको

(बाँकी अन्तिम पृष्ठमा)

TEACHER WANTED

Nawodaya Shiksha Sadan, a school under new management, invites application for the post of mathematics teacher who can start immediately

1. Mathematics Teacher for middle School

Qualifications and experience: Bachelors degree in Science or in Major Math with at least 2 years of work experience in relevant post.
Excellent command in both written and communication English.
Must possess knowledge about the current curriculum and pedagogy.
Salary and Facilities will be provided as per the School Policies but there is also the room for negotiation for the deserving candidate.

Interested candidates are requested to submit handwritten application, copy of Citizenship, updated resume, and copies of their credentials to the school's office or sent through email to the School Principal ***amritbasnet2010@gmail.com*** *by 8th of Bhadra.*

Nawodaya Shikshya Sadan
Inventure Kinder House (Birtamode: 03 , Near to Mechi Transport Management office, Contact : 023591328,9816053601)

सर्वोच्चको अन्तरिम आदेश

'विश्वासको मत संविधान प्रतिकूल'

काठमाडौं, भदौ ७। सर्वोच्च अदालतले कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापाले प्राप्त गरेको विश्वासको मत नेपालको संविधान, संसदीय अभ्यास, संवैधानिक नैतिकता र अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकूल रहेको उल्लेख गर्दै अन्तरिम आदेश गरेको छ।

न्यायाधीश ईश्वरप्रसाद खतिवडाको एकल इजलासले विहीवार उक्त आदेश गरेको हो। विश्वासको मत प्राप्त गरेको भनी अध्यक्षता गर्ने सदस्यले दिएको मतसमेत गणना गरी मुख्यमन्त्री उद्धव थापाले विश्वासको मत प्राप्त गर्नुभएको भनी घोषणा गरिएको कार्य नेपालको संविधानको धारा १६८ (२) र (४) तथा धारा १८६ संसदीय अभ्यास, संवैधानिक नैतिकतालगायत यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको प्रतिकूल रहेको देखिन आयो- आदेशमा भनिएको छ- अतः मुख्यमन्त्री थापाले संविधानसम्मत रूपमा विश्वासको मत प्राप्त गरेको भनी मान्न मिल्ने अवस्था नदेखिएकाले निजको नेतृत्वमा गठित प्रदेश सरकारबाट प्रस्तुत निवेदन उपरको सुनुवाइ टुङ्गो नलागेसम्म दीर्घकालीन असर पर्ने प्रकृतिका साथै नीतिगत प्रकृतिका निर्णय नगर्नु/नगराउनु।

अदालतले विवादित विषयको छिटो, छरितोरूपमा निर्णय गर्न पूर्ण सुनुवाइका लागि यही भदौ १५ गते शुक्रबार पेशी तोकी अग्राधिकार दिएको छ। मुख्यमन्त्री थापाले यही भदौ ४ गते लिएको विश्वासको मत असंवैधानिक भएको उल्लेख गर्दै नेकपा (एमाले)का कोशी प्रदेश संसदीय दलका नेता हिक्मतकुमार कार्कीले बुधबार रिट निवेदन दायर गरेका थिए।

रिट निवेदनमा यही भदौ ४ गते मुख्यमन्त्री थापाले कोशी प्रदेशसभामा विश्वासको मत परीक्षण गर्दा सभाध्यक्षको मत प्रयोग गरेर विश्वासको मत पाएको घोषणा गर्नु गैरसंवैधानिक भएको उल्लेख थियो। नेपालको संविधानको धारा १६८ को उपधारा २ अनुसार गठन भएको सरकारले विश्वासको मत नपाएको हुँदा संविधानको धारा १६८ को ३ बमोजिम आफूलाई मुख्यमन्त्री नियुक्तिका लागि परमादेशको माग रिट निवेदनमा गरिएको छ।

कहिले रोकिन्छ झरी ?

काठमाडौं, भदौ ६। झण्डै चार महिनाअघि मौसमविद्हरूले नेपालमा यो वर्ष बर्खायाममा सरदरभन्दा कम पानी पर्न सक्ने अनुमान गरेका थिए। त्यतिबेला मनसुन नै सुक्खा हुन्छ कि भन्ने डर पनि व्यक्त भएको थियो।

जेठको अन्तिम साता नेपालमा मनसुन भित्रियो। त्यसयता पटकपटक झरी परिरहेको छ। नदीनजिक बसोबास गर्ने बासिन्दालाई बारम्बार मोबाइल वा इन्टरनेटबाट सम्भावित भलबाढीबारे सूचना दिन सन्देश पठाइएको छ।

त्यसका अतिरिक्त विभिन्न स्थानमा बाढी र पहिरोले धनजनको क्षति भएको छ। बर्खाका कारण हवाई र सडक यात्रादेखि कृषि गतिविधि पनि प्रभावित भएका छन्। यो मनसुनमा नेपालभरि कम पानी पर्ने प्रक्षेपण जल तथा मौसम विज्ञान विभागले गरेको थियो। सरदरभन्दा कम पानी पर्ने भएकोले यसपालिको न्यूनतम तापक्रम विगतको भन्दा बढी हुने अनुमान थियो। जनजीवन नै प्रभावित पार्ने यो झरी मौसमविद्हरूले भनेझैं सरदरभन्दा बढी हो कि घटी त ?

के भन्छन् विज्ञ ?

नेपालमा मनसुन मध्य जुनमा (जेठ अन्तिमतिर) प्रवेश गरेर अक्टोबरको पहिलो साता (मध्य असोज) तिर बाहिरिन्छ। यस अवधिमा सरदर १,४७२ मिलिमिटर वर्षा हुने गरेको तथ्याङ्कले देखाउँछ। त्योभन्दा १० प्रतिशत बढी वा घटी वर्षा हुनुलाई औसत मानिन्छ।

तोकिएभन्दा १० प्रतिशतभन्दा कम पानी पऱ्यो भने त्यसलाई 'ड्राई' अर्थात् 'सुक्खा' मनसुन भन्न सकिने मौसमविद् राजु प्रधानाङ्ग बताउँछन्। यस वर्ष मनसुन शुरु भएदेखि अहिलेसम्म कूल ९९७ मिलिमिटर वर्षा भएको छ। उनका अनुसार मनसुन अझै दुई महिना कायम रहने भएकाले तत्काल यो वर्षको बर्खायाम सुक्खा रह्यो या रहेन- भन्न मिल्दैन। अक्टोबर २ (असोज १५) सम्म

मनसुन रहन्छ। त्यति बेलासम्म पर्ने पानीलाई विश्लेषण गरेपछि मात्र हामी निष्कर्षमा पुग्न सक्छौं- उनले भने। यद्यपि विगतका वर्षहरूको तथ्याङ्क तुलना गर्दा यस वर्ष जुलाई र अगष्टभरि जति पानी पर्नुपर्ने हो, त्यति नपरेको जानकारी उनले दिए।

मौसममा यस किसिमको परिवर्तन नेपालमा मात्र देखा परेको हैन। युरोपका विभिन्न देशमा उष्णलहर, अमेरिका तथा क्यानडाको विभिन्न क्षेत्रमा डढेलो, चिसा ठाउँहरूमा चरम गर्मीको समस्या उत्पन्न भएको छ। तिनको विश्लेषण गरेका विज्ञहरूले यसलाई जलवायु परिवर्तनको प्रभाव मानेका छन्।

डेढ साताअघि हिमालीपारि अवस्थित मुस्ताङ जिल्लाको कागबेनीमा आएको बाढीलाई पनि जलवायु परिवर्तनसँग हेर्न सकिने मौसमविद् प्रधानाङ्गको धारणा छ। मनसुनमा झरी पर्नु स्वाभाविक हो। तर, मुस्ताङको बाढी नियमित बर्खामात्र नभई जलवायु परिवर्तनसँग सम्बन्धित छ। बढ्दो तापमानका कारण वायुमण्डलमा आर्द्रता थेग्ने क्षमता बढी हुन्छ। त्यस्तो अवस्थामा वर्षा भयो भने पानीको मात्रा पनि अधिक हुन्छ- उनले भने। चरणबद्ध नियमित पानी परिरहे काले जोखिमयुक्त क्षेत्रमा रहेका मानिसहरूलाई सुरक्षित ठाउँमा स्थानान्तरणका लागि जोड दिइरहेको अधिकारीहरूले बताएका छन्।

मौसममा कहिले सुधार आउला ?

अहिले नेपालका विभिन्न स्थानमा केही दिनदेखि निरन्तर पानी परिरहेको छ। जल तथा मौसम विज्ञान विभागका अनुसार मनसुनको न्यून चापीय रेखाका कारण त्यसो भएको हो। उक्त रेखा आफ्नो स्वाभाविक स्थानभन्दा उत्तरतिर छ।

मौसमविद्हरूका अनुसार भारतको उत्तर प्रदेशको पश्चिमोत्तर क्षेत्रमा अवस्थित न्यून चापीय प्रणाली पनि नेपालतर्फ सर्दै आइरहेको छ। यस्तो प्रणाली नेपालनजिकै आउँदा मौसम बदली हुन्छ र पानी पर्छ। यो अवस्था केही स्थानमा शुक्रबारसम्म रहने र मध्य तथा पूर्वी भूभागमा शनिवार दिउँसोसम्म रहेर कम हुँदै जाने देखिन्छ- प्रधानाङ्गले भने। कुनै पनि बाह्य प्रणाली कम हुनुको अर्थ पानी नै नपर्ने भन्ने चाहिँ होइन। बरु अहिलेको चरणमा देखिएको बदली र वर्षा कम हुने विज्ञहरू बताउँछन्। यो श्रृंखला अक्टोबर पहिलो सातासम्म जारी रहन्छ। मनसुनभरि बारम्बार चरणबद्ध रूपमा पानी पर्छ र यो क्रम अहिले नै रोकिँदैन- उनले भने।

वर्षासँग डराउनुपर्छ ?

बर्खाको पानी जलविद्युत् र कृषिका लागि महत्वपूर्ण हुन्छ। त्यसैले पानीसँग डराउनुको साटो सतर्क रहनुपर्ने मत धारणा अर्की मौसमविद् इन्दिरा कँडेलको छ।

विशेषगरी भारी वर्षाको सम्भावना भएको स्थान र जलस्रोत निकट समुदायका मानिसहरूले यस पाटोमा ध्यान दिनुपर्ने उनको भनाइ छ। हामी कहाँ वर्षाबाट हुने प्राकृतिक विपद्को जोखिम धेरै छ। त्यसले पुऱ्याउने क्षति रोक्नका लागि सर्वसाधारण मानिसको तहबाटै सतर्क नरही हुँदैन। उनका अनुसार प्राकृतिक प्रकोप रोक्न नसकिए पनि क्षति कम गर्न मौसम पूर्वानुमानले उल्लेख्य सहयोग पुऱ्याउँछ। त्यसैले सम्बन्धित निकायले मोबाइल फोनमा पठाएको चेतावनी वा कुनै पनि किसिमको सूचनालाई गम्भीरतापूर्वक लिनुपर्ने उनी बताउँछिन्।

प्रविधिको विकासले मौसम पूर्वानुमानको क्षेत्रमा ठूलो फड्को मारिसकेको छ। यसले विपद्को प्रभाव कम गर्न मद्दत पुऱ्याएको छ। त्यसैले पूर्वानुमान र चेतावनीलाई मान्नुपऱ्यो। कुने ठाउँमा नबस्न निर्देशन दिइएको छ भन्ने बस्नु भएन, कहींबाट सर्न भनिएको छ भने सर्नुपऱ्यो- कँडेल भन्छिन्। पूर्वानुमान शत प्रतिशत मिल्छ भन्ने हुँदैन। तैपनि मौसम र विपद् सम्बन्धी अद्यावधिक सूचना लिनु अपरिहार्य भएको उनी औंल्याँछिन्।

कोरिया ...

खातामा जम्मा गर्न लगाएको थियो। सिप तालिम सञ्चालन भइरहेको बेला स्किल टेस्टका लागि काठमाडौं जानुपर्ने भनेर २४ हजार नौ सय रुपैयाँ उठाएर काठमाडौं लगियो। स्किल टेस्टका लागि भन्दै मागिएको २४ हजार नौ सय रुपैयाँ सहारा सुब्बा थेबेका नाममा जम्मा गराएका थिए। अहिले इलामका धेरै युवा सुरेश थेबेले चाहिँ पठाउने रहेछ भन्दै उनीमार्फत कोरिया जान लागेको बताइरहेका छन्।

अवैधानिक तालिम सेन्टर

कोरिया लान्छु भनेर सञ्चालन भएको उक्त सेन्टर गैर कानूनी रूपमा सञ्चालन भएको भन्दै गतवैशाख २५ गते जिल्ला प्रशासन कार्यालयले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्लाई पत्र काट्यो। पत्र काटेको महिना दिन बित्दा पनि कारबाहीको प्रक्रिया अघि बढ्न सकेको थिएन।

करिब तीन महिना लामो मौनता पछि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीइभीटी)ले इलामका युवालाई कोरिया पठाउने भन्दै तालिम प्रदान गरेको झापाको बिर्तामोड-९मा कार्यालय रहेको मुस्कान इन्जिनियरिङ टेक्निकल इन्स्टीच्युटलाई स्पष्टीकरण सोधेको छ। सो इन्स्टिच्यूटसँग करार गरेको भन्दै एसीइ स्किल ट्रेनिङ सेन्टरले इलाममा चार सय २५ जनालाई तालिम दिएको थियो।

सीटीइभीटीले स्वयम् उपस्थित भएर सात दिनभित्र स्पष्टीकरण दिन पत्राचार गरिसकेको छ। सीटीइभीटीले त्यस इन्स्टीच्यूटको नाममा सम्बन्धन स्वीकृति लिएको छोटो अवधिको पाँच सय ५० घनको एसिस्टेन र मेटल वर्क हेल्पर (३६७ घण्टाको) तालिम कार्यक्रम परिषद् कार्यालयको अनुमति बेगर एस स्किल ट्रेनिङ सेन्टर इलाम-७, टुँडिखेल इलामसँग सम्झौता गरी तालिम सञ्चालन गरेको देखिएकाले तत्सम्बन्धमा पत्र पाएको मितिले ७ दिनभित्र स्वयम् उपस्थित भई चित्त बुझ्दो पुष्ट्याँइसहितको लिखित स्पष्टीकरण पेश गर्न भनेको छ।

सीटीइभीटीले चित्त बुझ्दो जवाफ नआए अन्यथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, नियमावली २०५१ संशोधनसहितको परिच्छेद ५ र प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रम सम्बन्धन कार्यविधि २०७८ को परिच्छेद ४ मा भएको व्यवस्था अनुसार सम्बन्धन स्थगन वा रद्द गर्ने र अन्य प्रचलित ऐन नियम अनुसार कारबाही हुने चेतावनी समेत दिएको छ।

इलामका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखेलले इलाममा सञ्चालित तालिम अवैध रहेको भनी प्रशासनले वैशाख २५मा कारबाहीको लागि सीटीइभीटीलाई पत्राचार गरेको जानकारी दिए। यसअघि वैदेशिक रोजगार विभागका महानिर्देशक मदन दाहालले इलामका प्रमुख जिल्ला अधिकारी पोखेललाई फोन गरेर वैदेशिक रोजगारीको प्रलोभनमा पारी ठगी गरेको लिखित गुनासो, अन्य कुनै प्रमाणसहितको विवरण सङ्कलन गरी विभागमा पठाइदिन अनुरोध गरेका थिए।

इलामका प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, शिक्षा विकास तथा समन्वय इकाई र करदाता सेवा कार्यालय इलामका प्रमुख तथा प्रतिनिधिहरूको टोलीले शुरूमा अनुगमन गरेको थियो।

अनुगमनपछि तालिम केन्द्रका प्रोप्राइटर सुरेन्द्रकुमार राईलाई तालिम सञ्चालनको अनुमति पत्र लगायत सम्बन्धित कागजहरू ७ दिनभित्र पेश गर्न निर्देशन दिइएको थियो। एस स्किल ट्रेनिङ सेन्टरले अनुगमनपछि विज्ञप्ति निकालेर तालिमका लागि सबै प्रकारको अनुमति लिएको दावी गरेको थियो। प्रमुख जिल्ला अधिकारी पोखेलका अनुसार कागजात पेश गर्न समय दिएपनि सेन्टरले कागजात बुझाउन सकेन। सेन्टरले झापाको कुनै कम्पनीसँगको करार पत्र पेश गरेको थियो। पोखेलले भने- 'सेन्टरले हामीलाई चाहिने कागज पेश गर्न सकेन, झापा तिर सञ्चालन अनुमति पाएको एउटा तालिम संस्था संघको करार गरेको कागत पेश गऱ्यो, जन कानून सम्मत हुँदोरहेनछ।' श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले विज्ञप्ति निकालेर वैदेशिक रोजगारमा जान गरिने सबै क्रियाकलाप विभागमा दर्ता भएको संस्थाले मात्रै पाउने प्रष्ट पारेको छ।

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरदसिंह भण्डारीले अहिले इपीएस भाषा बाहेक मौसमी रूपमा जाने कामदारका लागि तीन वर्षसम्मलाई बन्द गरेको भन्दै उजुरी नपरेसम्म कारबाही नहुने बताएका छन्। उनले तालिम दिन पाउने भन्दै गैरकानूनी रूपमा सञ्चालन भएका तालिम सेन्टरलाई सम्बन्धित कार्यालयले कारबाही गर्ने बताए पनि कार्वाहीको प्रक्रिया अघि बढ्न सकेन।

कोरिया जान १६ लाख

कोरिया जान १६ लाख लाग्ने खबर थाहा पाएसँगै धेरैजसो कोरियाको प्रक्रियामा जान नसक्ने भन्दै पहिले तिरेको रकम फिर्ता माग्न थालेको अडियो बाहिरिएको छ। तालिम सेन्टरका सञ्चालक सुरेन्द्र राईसँग यो प्रक्रियामा जान नसक्ने भएँ भन्दै पहिलेको रकम फिर्ता माग्दा २४ हजार रुपैयाँ फिर्ता हुने अडियोमा उल्लेख छ।

कोरियाको प्रक्रियामा नजानेहरू अहिले रकम माग्दै गर्दा २४ हजार रुपैयाँ फिर्ता हुने खबरले ठग्न खोजिएको रहेछ भन्ने बताउँदै आएका छन्। पैसा फिर्ता लिने दाउमा उनीहरु अहिले खुलेर आउन सकेका छैनन्।

यता एसिइ तालिम केन्द्र सञ्चालन गरेका सुरेन्द्र राईले आफूले सञ्चालन गरेको तालिम केन्द्र गैरकानूनी नभएको बताएका छन्। उनले कम्पनी रजिष्ट्रारको कार्यालय र करदाता सेवा कार्यालयमा दर्ता गरेरै सञ्चालन गरेको बताए। कोरियाको विषयमा कोरियाको कम्पनीले नै माग गरे अनुसार जान सकिन्छ मात्रै भनेको कोरिया पठाउनकै लागि भनेर रकम नउठाएको उनको भनाइ छ।

कहिले ...

बन्द गरेपछि याकका बाछा र याक बिक्री भएको छैन।" हिमाली क्षेत्रका समुदायले चौंरी याक गोठबाट जीविका गर्दै आएका छन्। तर, चीनमा याक निर्यात नहुँदा दैनिक चलाउँनै मुस्किल भएको स्थानीयवासीको भनाइ छ।

फिन्चो शेर्पाको पनि गोठमा चार वर्षदेखि याक बिक्री भएको छैन। शेर्पाको चार वर्षअघि २५ याक रहेकामा अहिले ६० हाराहारीमा छन्। याकको पोथीलाई डी र भालेलाई याक भन्नेर छुट्याइने गरेको शेर्पाले बताए।

समुद्र सतहदेखि तीन हजार ५०० मिटरदेखि पाँच हजार मिसम्मको उचाइ याक र डीको उपयुक्त चरन क्षेत्र हो। चीनका विभिन्न क्षेत्रमा नेपाली याक, याकका बाछा र चौंरी याकबाट उत्पादित छुर्पी, घिउका साथै पशुजन्य वस्तु चीनका बजारमा राम्रो मूल्यमा बिक्री हुने गरेको याङ्माका सोनाम शेर्पाले बताए। चीनका बजारमा प्रति याक रु. ६० हजारदेखि रु. एक लाख ५० हजारसम्ममा बिक्री हुने गरेको जनाइएको छ। छुर्पी र घिउ प्रतिकिलो रु. एक हजार २०० मा बिक्री हुने गरेको याङ्माका फिन्जो शेर्पाले बताए।

कोरोनाका कारणले तीन वर्षयता टिप्ताला नाका र सङ्खुवासभा जिल्लाको किमाथाङका नाका बन्द हुँदा हिमाली समुदायको प्रमुख पेशाको साधन चौंरी याक बिक्री नभएको मिक्वाखोला गाउँपालिका-५ पापुङका याक व्यवसायी रिङ शेर्पाले जानकारी दिए। मिक्वाखोला-५ तोक्पेगोला क्षेत्रमा रहेका याक चौंरीलगायत पशुजन्य वस्तु किमाथाङका नाका हुँदै चीनका विभिन्न बजारमा बिक्री हुने गरेको थियो। तोक्पेकोला क्षेत्रमा ३५ चौंरी याकका गोठ रहेको मिक्वाखोला गाउँपालिकाका उपाध्यक्ष डण्डु लामाले बताए। तोक्पेखोला क्षेत्रमा दुई हजारभन्दा बढी याक रहेको बताइएको छ।

जिल्लाका नौ स्थानीय तहमध्ये फुङ्लिङ नगरपालिका र पाथीभरा याङ्वरक गाउँपालिकाबाहेक सात गाउँपालिकामा चौंरी याकपालन हुँदै आएको छ। राम्रो मूल्यमा चीनमा निर्यात हुने भएकाले हिमाली समुदाय याक पालनतर्फ आकर्षित हुने गरेको घुन्साका पेमा शेर्पाले जानकारी दिए। टिप्ताला नाका भदौदेखि खुल्ने आउँदो भदौ चौथो सातादेखि टिप्ताला भन्ज्याङ नाका खुल्ने फक्ताङलुङ गाउँपालिका-७ का वडाध्यक्ष छेतेन वालुङले बताए । नाका खुल्ने खबरले सीमा क्षेत्रका समुदायहरु अहिले निकै उत्साहित भएका छन्।

वडाध्यक्ष छेतेनलाई काठमाडौं बसेर नाका खुलाउने पहल गर्न गाउँका हरेकलाई अनुरोध गरेका थिए। त्यही चाहना पूरा भएको सुन्दा खुशी भएको ओलाङ्चुङगोलाकी डोइ्गा शेर्पाले बताइन्। यताबाट गलैंचा, घिउ बेच्न पाइएको छैन, उताबाट नुन पनि ल्याउन पाइएको छैन। उनले भनिन्- नाका खुलेपछि धेरै राम्रो हुन्छ। सबैलाई सजिलो हुन्छ। परिचयपत्र र नागरिकता अनिवार्य गरिएकाले त्यसको व्यवस्थापन गर्नुहोला, आगामी सेप्टेम्बर १० देखि नाका खोल्न सकिने खबर आएको उनको भनाइ छ। छेतेनले भने- मलाई डिङ्जे काउन्टीका प्रशासन प्रमुख र प्रहरी प्रमुख दुवैले खबर गरेका छन्। प्रमुख जिल्ला अधिकारी गोमादेवी चेम्जोङले पनि नाका खोल्ने प्रक्रिया शुरु भएको बताए।

नाका खुलाउने विषयमा गत वैशाख २२ मा डिङ्जे काउन्टीका प्रतिनिधि र ताप्लेजुङका प्रतिनिधिबीच भर्चुअल बैठक भएको थियो। नाका खोल्न समन्वय गरिदिन यसअघि वडा कार्यालय ओलाङ्चुङ्गोला, फक्ताङलुङ गाउँपालिका र जिल्ला प्रशासन कार्यालय ताप्लेजुङले गृह, परराष्ट्र मन्त्रालयलाई पटकपटक अनुरोध गरेका थियो। छेतेनका अनुसार टिप्ताला भन्ज्याङबाट मात्रै आउ-जाउ गर्ने गरी खुलाउने चिनियाँ अधिकारीले बताएका छन्। यसअघि घाङ्ला नाकाबाट पनि आउ-जाउ हुने गरेको थियो।

विशेषगरी याङ्मावासी घाङ्ला नाका भएर रिउ जाने आउने गरेका थिए। सीमावर्ती क्षेत्रकालाई सीमानादेखि २५ किमी दूरीमा रहेको रिउसम्म जाने अनुमति दिइन्छ। रिउ तिब्बतको एउटा व्यापारिक केन्द्र हो। तिब्बतले अहिले रिउबाट ३५ किमी दूरीमा रहेको घुम्तीमा पनि व्यापारिक केन्द्र बनाएको छ। ताप्लेजुङ र संखुवासभालाई सेन्टर पर्ने गरी उक्त केन्द्र निर्माण गरेको हो। सीमानादेखि ओलाङ्चुङ्गोलाको बस्ती पनि २४ किमी दूरीमा छ। सीमानादेखि नजिकैका बस्ती याङमाबाट रिउ पुग्न तीन दिन लाग्छ भने ओलाङ्चुङ्गोलाबाट एक दिनमा पुगिन्छ। सीमानादेखि दुवै देशका बस्तीसम्म मोटरबाटो जोडिएको भए पनि कोरोना सङ्क्रमणपछि नेपालतर्फको सडक पूरै अवरुद्ध छ। मर्मतसम्भार हुन सकेको छैन। चीनतर्फबाट भने सीमानासम्मै गाडी आउने गरेको स्थानीय बताउँछन्।

आर्थिक ...

फैसला कार्यान्वयनमा उल्लेख्य प्रगति

वरिष्ठ प्रहरी उपरीक्षक कार्कीले फैसला कार्यान्वयनमा उल्लेख्य प्रगति हासिल गरेको बताए। आफूले परिसरको नेतृत्व गरेसँगै फैसला कार्यान्वयनलाई पनि उच्च महत्त्व दिएको उनको भनाइ छ। परिसरले सात महिनाको अवधिमा फैसला कार्यान्वयनका क्रममा एक हजार सात सय ९८ जनालाई पक्राउ र रु १२ करोड ५५ लाख २१ हजार एक सय ४७ जरिवाना असुल गरेको छ। उनले भने- अब फैसला कार्यान्वयनको क्रम बढ्नुपर्छ, फैसला कार्यान्वयनका क्रममा प्रहरी नागरिकको घरदैलोमा पुग्ने हुँदा शान्ति सुरक्षा कायम हुनाका साथै जनविश्वास पनि बढ्नेछ। प्रहरी वरिष्ठ उपरीक्षक कार्कीले संविधान, कानून, गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालयको निर्देशनमा सम्पूर्ण प्रहरी कर्मचारीको सहयोगमा कार्यसम्पादन गरिएको बताए।

महत्वपूर्ण कागजात हराएको सूचना

हल्दिबारी वडा नं. ४ जलथलबाट मंगलबारे, खर्साङबारी, क्यानरी, आदर्श चौक, आँखा शिविर हुँदै भाद्र ४ गते बेलुका घर जाने क्रममा मेरो नागरिकता, (नागरिकता नं. ९१५२१९६०६) बाइकको ब्लु बुक, विभिन्न बैंकका एटिएम कार्ड लगायत अति आवश्यक कागजपत्र हराएको हुनाले कृपया भेट्नुहुने महानुभावले सिधै सम्पर्क गरी दिनुहुन अथवा नजिकैको प्रहरी कार्यालयमा दिइ सहयोग गरिदिनुहुन म विनम्र अनुरोध गर्दछु।

उपलब्ध गरी सहयोग गरिदिनुहुने महानुभावलाई उचित पुरस्कार प्रदान गर्नेछु।

रोहित खवास (पशु स्वास्थ्य प्राविधिक)
मो. ९८४२६७२७०१, ९८१५०१४३१०,
९८४२६७३१०२, ९८२४०२५२७८
हल्दिबारी गापा वडा नं. ४, जलथल, झापा

शिवसताक्षी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
ब्याङ्डाँडा, झापा कोशी प्रदेश, नेपाल

सूचना ! सूचना !! सूचना !!!

मिति : २०८०/०५/०७

शिवसताक्षी नगरपालिकामा गठित समस्या ग्रस्त सहकारी संस्थाहरुको छानविन गर्न बनेको समितिको मिति २०८०/०५/०५ गते छानविन समिति, वडा नं. ३ का वडा अध्यक्ष, वडा सदस्य, वडा सचिव, लेखा परीक्षक, सहकारी संस्थाका सञ्चालक समितिका पदाधिकारी, लेखा सुपरीवेक्षण समिति, ऋण उपसमिति, सल्लाहकार समिति र सहकारीको कर्मचारीहरुसहितको बैठकमा निर्णय भए अनुसार उन्नती बचत तथा ऋण सहकारी संस्था लि. शिवसताक्षी-३, झापाको लेखा परीक्षणको कार्य भइरहेकोले सहकारी संस्थाका शेयर सदस्य तथा बचतकर्ताहरुले आफूले सहकारी संस्थाबाट पाउनुपर्ने बचत तथा शेयरको प्रमाणसहित ७ (सात) दिनभित्र सहकारी संस्थाको कार्यालयमा गई बुझ्काउनु हुनका साथै उन्नती बचत तथा ऋण सहकारी संस्था लि. बाट ऋण लिनुभएका शेयर सदस्यज्यूहरुले आफूले संस्थाबाट लिएको ऋण (बुझ्काउन बाँकी) र सोको नियमानुसार पाकेको व्याजसहित संस्थाको कार्यालयमा गई बुझ्काउनुपर्ने निर्णय भए बमोजिम सबै शेयर सदस्यज्यूहरुलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिएको समयभन्दा पछि प्राप्त भएको बचत तथा शेयर रकमको प्रमाण उपर स्वयम् शेयर सदस्य नै जिम्मेवार हुनु पर्नेछ। साथै ऋणी सदस्यज्यूहरुले तोकिएको समयभित्र ऋण र सोको नियमानुसार पाकेको व्याज सहकारी संस्थामा तोकिएको समयभित्र नबुझाएमा कानून बमोजिम हुने व्यहोरा समेत जानकारी गराइन्छ।

शिवसताक्षी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
ब्याङ्डाँडा, झापा कोशी प्रदेश, नेपाल

सूचना ! सूचना !! सूचना !!!

मिति : २०८०/०५/०७

शिवसताक्षी नगरपालिकामा गठित समस्या ग्रस्त सहकारी संस्थाहरुको छानविन गर्न बनेको समितिको मिति २०८०/०५/०५ गते छानविन समिति, वडा नं. ८ का वडा सदस्य, वडासचिव, लेखा परीक्षक, सहकारी संस्थाका सञ्चालक समितिका पदाधिकारी, लेखा सुपरीवेक्षण समिति, ऋण उपसमिति र सहकारीको व्यवस्थापक कर्मचारीहरुसहितको वैठकमा निर्णय भए अनुसार साइनो बचत तथा ऋण सहकारी संस्था लि. शिवसताक्षी-८, झापाको लेखा परीक्षणको कार्य भइरहेकोले सहकारी संस्थाका शेयर सदस्य तथा बचतकर्ताहरुले आफूले सहकारी संस्थाबाट पाउनुपर्ने बचत तथा शेयरको प्रमाणसहित १५ (पन्ध्र) दिनभित्र सहकारी संस्थाको कार्यालयमा गई बुझ्काउनु हुनका साथै साईनो बचत तथा ऋण सहकारी संस्था लि. बाट ऋण लिनु भएका शेयर सदस्यज्यूहरुले आफूले संस्थाबाट लिएको ऋण (बुझ्काउन बाँकी) र सोको नियमानुसार पाकेको व्याजसहित संस्थाको कार्यालयमा गई बुझ्काउनु पर्ने निर्णय भए बमोजिम सबै शेयर सदस्यज्यूहरुलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिएको समयभन्दा पछि प्राप्त भएको बचत तथा शेयर रकमको प्रमाण उपर स्वयम् शेयर सदस्य नै जिम्मेवार हुनुपर्नेछ। साथै ऋणी सदस्यज्यूहरुले तोकिएको समयभित्र ऋण र सोको नियमानुसार पाकेको व्याज सहकारी संस्थामा तोकिएको समयभित्र नबुझाएमा कानून बमोजिम हुने व्यहोरा समेत जानकारी गराइन्छ।

श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४३०५५/ ९८१७५५०३५५) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७५१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

वैदेशिक रोजगारीका नाममा ठगी

वैदेशिक रोजगारीका नाममा हुने ठगीको स्वरुप भयावह बन्दै गएको छ । वैदेशिक रोजगारीमा जान खोज्ने युवा अधिकांश चिनेकै मानिसबाट ठगिने गरेका छन् । यहाँसम्म कि चिनेकै, गाउँकै, अझ आफन्तबाट ठगिने गरेको गुनासाहरु दिनहुँ सार्वजनिक भइरहेका छन् । यसरी ठगिनेहरुमा अधिकांश पढेलेखेका युवाहरु नै छन् । रोजगारीका नाममा ठगी भएको समाचार प्रत्येक दिन प्रकाशन र प्रशारण हुने गरेको छ, केही पत्राउ परेका पनि छन्, तर यो सूचनाले ठगीको क्रम रोकिएको छैन न त उनीहरुको लगानी नै फिर्ता भएको छ । यसैक्रममा बुधबार एउटा समूह नै पूर्वाञ्चल दैनिकको कार्यालयमा उपस्थित भएर आफूहरु ठगिएको भन्दै सहयोगको याचना गरे । उनीहरुले पत्रकार सम्मेलन गर्दै बिर्तामोडमा रहेको ओशो वर्ल्ड कन्सल्टेन्सीले सत्तरी जनाभन्दा बढीबाट विभिन्न देश पठाउने विश्वास दिलाएर लाखौं रुपैयाँ ठगेको बताए ।

प्रति व्यक्ति पचास हजारदेखि पाँच लाख रुपैयाँसम्म बुझाएको बताउने उनीहरुले शिवसताक्षीका पदम योङ्हाङ, लक्ष्मीप्रसाद बराल, धर्म तिम्सिना र अर्जुनधाराका लक्ष्मण घिमिरेले रोमानिया, माल्टा, पोल्याण्ड, कोरिया लगायतका देश पठाउने विश्वास दिलाएका थिए । पैसा बुझाएको वर्ष दिन बितिसक्दा पनि रोजगारीमा जान नपाएका उनीहरु पटक–पटक सम्पर्कमा गए, भने अनुसार पैसा पनि बुझाए तर उनीहरुको विदेश जाने सपना सपना नै रह्यो । जिल्ला प्रशासन कार्यालयदेखि जिल्ला प्रहरी तथा इलाका प्रहरी कार्यालयमा पुगेर उजुरी दिँदा समेत आफूहरुको पीडाको सुनुवाई नभएको भन्दै पीडितहरुले 'मिडिया' गुहारेको बताएका छन् । वैदेशिक रोजगारीमा जानु पूर्व त्यसका प्रक्रिया, शर्त, कामको प्रकृति, पारिश्रमिक आदिका बारेमा जानकारी राख्नैपर्छ । त्यसमा पनि कल्सल्टेन्सी अध्ययन गर्न जाने विद्यार्थीलाई परामर्श दिने संस्था हो, उसले रोजगारीमा पठाउन सक्दैन भन्ने ज्ञान नहुनु पनि दुर्भाग्य हो । यस्तै कारणले रोजगारीका नाममा ठगिने क्रम बढेको छ ।

त्यसो त ठगिने सबैको तथ्यांक उपलब्ध छैन । उजुरी परेका मध्ये पनि साह्रै थोरै मात्र फछ्र्यौंट हुने गरेका छन् । आर्थिक वर्ष २०७९–०८० मा तीन हजार छप्पन्न वटा ठगिएको उजुरी परेका थिए, जसमा तीन सय उनन्साठी वटा मात्र फछ्र्यौंट भए । आर्थिक रुपले विपन्न परिवारका युवा सुन्दर भविष्यको कल्पना गरेर रिणपान गरेर विदेश जाने र धन कमाउने सपना कै कारण ठगिने गरेका छन् । तर, पीडकहरु कानूनको दायरामा आउनुको साटो उन्मुक्त घुमफिर गरिरहेका छन् । व्यक्तिगत रुपमा गरिने यस्ता ठगीलाई नियन्त्रण गर्न राज्यकै चासो हुनुपर्दछ । कन्सल्टेन्सी तथा म्यानपावर कम्पनीहरुलाई नियमन तथा अनुगमन गर्दै व्यवस्थित बनाउन स्थानीय सरकार, प्रहरी समेतको समन्वयमा ठगी नियन्त्रण गर्न ढिलाइ गर्नुहुँदैन । विद्यमान कानूनमा परिमार्जन आवश्यक भए सम्बन्धित निकायले त्यसप्रति पनि गम्भीर हुनुपर्छ । होइन भने ठगीको यो र यस्तो श्रृंखलालाई न्यूनीकरण गर्न सकिँदैन ।

भारतले चीनलाई भेट्न पनि मुस्किल

डेविड डडवेल

गत वर्ष भारतले बेलायती शासनबाट स्वतन्त्रता प्राप्त गरेको ७५ वर्ष पूरा भएको उपलक्ष्यमा प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो राष्ट्रलाई 'विश्वमा प्रभुत्व जमाउन' आह्वान गरे । यो वर्षको स्वतन्त्रता दिवसमा मोदीले फेरि लालकिल्लामा उभिएर 'अमृतकाल' शुरुवातको घोषणा गरे । यो कालमा अवसरको ढोका खुल्ने उनको भनाइ छ ।

उनको 'सुधार, प्रगति, रुपान्तरण'को मन्त्रमा ठूला-ठूला सपना समावेश छन् । सायद मोदी सन् १८७० सम्मको अवधिको सपना देखिरहेका छन्, जतिबेला भारत र चीनको गिन्ती विश्वका दुई सबैभन्दा ठूला र शक्तिशाली अर्थतन्त्रका रुपमा हुने गर्थ्यो । तर, सपना भनेको योजना होइन । र, मोदी सत्तामा आएको नौ वर्ष बितिसक्दा पनि भारतलाई विश्वको सबैभन्दा शक्तिशाली अर्थतन्त्रको शीर्षमा उकाल्ने उनको योजना अहिले पनि योजनामै सीमित छ ।

हार्वर्ड युनिभर्सिटीका ग्राहम एलिसनले हालै फरेन पोलिसी म्यागेजिनमा लेखेको एक रिपोर्टमा के उल्लेख गरेका छन् भने सिंगापुरका दिवंगत नेता ली क्वान युले लगभग एक दशकअघि भनेका थिए- भारतले चीनलाई कहिल्यै भेट्टाउने छैन । र, चीन सधैं 'भविष्यको मुलुक' रहने छ । लीले भनेका थिए- 'भारत र चीनको नाम एकै सास नलिनुहोस् ।' यसले चीनको उदयलाई भारतले रोक्न सक्छ भन्ने आशा गर्ने र भारतले चीनलाई भेट्टाउने लाग्यो भन्नेहरु प्रति कडा चुनौति पेस गरेको छ ।

मोदीप्रति निष्पक्ष भएर कुरा गर्ने हो भने दशकौंको मन्दी र निराशापछि उनको सरकारको आर्थिक प्रगति सम्मानजनक छ । भारतको जीडीपी २०१४ यता औसतमा छ प्रतिशतले वृद्धि भइरहेको छ । गत वर्ष त त्यो हालसम्मकै उच्च ९.१ प्रतिशतसम्म पुग्यो । कोभिड माहामारीले विश्वका विभिन्न हिस्सामा मन्दी ल्याइरहेको अवस्थामा यो निकै प्रभावशाली सफलता हो ।

तर, यदि भारत आफ्नो विगतका आर्थिक अवरोधहरुबाट मुक्त हुन चाहन्छ भने व्यापक संरचनात्मक सुधारहरुको आवश्यकता छ । ती अवरोधहरुमा जात व्यवस्थाको पकड, कर्मचारीतन्त्रभित्रको संघर्ष, अभेद्य कर प्रणाली, स्थानीय व्यापारीहरुको संरक्षण र विश्वकै उच्चमध्येको एक आयात कर पर्दछन् ।

यति तल्लो स्तरबाट माथि उठ्न चाहने मुलुकले के गर्न हिम्मत जुटाउनेहरुले समेत ठूला-ठूला शर्त अघि सारेका छन् । र, तथ्यांकहरुको विशाल भण्डारले के संकेत गर्छन् भने भारतले समात्ने लय निकै मामुली र उत्साहहीन हुनेछ । एलिसनको आलेख अनुसार सन् २००० मा चीन र भारत दुवैको अर्थतन्त्र २ ट्रिलियन डलरभन्दा कम थियो । चीनलाई यो कोसेढुंगो पार गर्न पाँच वर्ष लाग्यो । भारतलाई भने १४ वर्ष लाग्यो । गत वर्ष भारतको अर्थतन्त्र ३.४ ट्रिलियन डलरको थियो । त्यो भनेको चीनको १८.३ ट्रिलियन डलरको एउटा सानो हिस्सा मात्र हो ।

चीनको आर्थिक महत्व जति छ, त्योसँग बराबरी गर्न पनि भारतले वर्षौंसम्म सानदार आर्थिक वृद्धि गरिरहनुपर्ने हुन्छ । र, यो प्रक्रियालाई कुनै पनि प्रकारको चमत्कारी सोच वा लगानीका 'चीन प्लस वन' जस्ता योजनाले तीव्रता दिने सम्भावना छैन । साथै, भारतका अरु धेरै महत्वपूर्ण आर्थिक सूचकहरु समस्याग्रस्त छन् । सन् २००० मा विश्वव्यापी उत्पादनमा भारतको योगदान करिब १ प्रतिशत थियो । जब कि त्यतिबेला चीनको ७ प्रतिशत थियो। गत वर्षसम्ममा भारतको हिस्सा वृद्धि भएर ३ प्रतिशत पुगेको छ । चीनको भने ३१ प्रतिशत पुगिसकेको छ ।

सन् २००० मा विश्वभर हुने निर्यातमा भारतको हिस्सा मात्र १ प्रतिशत थियो भने चीनको २ प्रतिशत । गत वर्षसम्ममा विश्वव्यापी निर्यातमा चीनको हिस्सा बढेर १५ प्रतिशत पुग्दा भारतको हिस्सा भने २ प्रतिशतमै सीमित छ । भारतप्रति उत्साही मानिसहरु भारतको जनसंख्या युवा रहेको भन्दै खुशी मान्छन् । तर, यो फाइदाको सट्टा समस्या हो भन्ने तथ्यलाई उनीहरु बेवास्ता गर्छन् । किनभने ती युवाको शिक्षाको स्तर कमजोर मात्र होइन, अशिक्षाको समस्या समेत

छ । ती युवाहरुलाई काम दिन भारतले २०३० अघि नै कमसेकम नौ करोड रोजगारी सिर्जना गर्नुपर्ने हुन्छ ।

चीनलाई उछिनेर अर्को महाशक्ति बन्ला भारत ?

एलिसन हामीलाई के याद दिलाउँछन् भने चीनले साइन्स, टेक्नोलोजी, इञ्जिनियरिङ र म्याथम्याटिक्समा स्नातक विद्यार्थीहरु भारतको भन्दा दोब्बर उत्पादन गर्छ, जीडीपीको प्रतिशतका हिसाबले तीन गुणा ज्यादा रकम अनुसन्धान तथा विकासमा खर्च गर्छ र आर्टिफिसियल इन्टेलिजेन्सका हकमा विश्वको ६३ प्रतिशत पेटेन्ट उत्पादन गर्छ (भारतको हिस्सा ३ प्रतिशत मात्र छ) ।

गत अप्रिलमा ब्लुमबर्गले उल्लेख गरे झैं 'पूर्वाधार, कर्मचारीतन्त्र, विस्तृत विवरणप्रतिको मिहीन विश्लेषण र गर्नैपर्छ भन्ने भावना जस्ता उत्पादनका महत्वपूर्ण पक्षहरुमा भारत चीनभन्दा धेरै पछाडि छ ।' एप्पल र उसको प्रमुख ताइवानी उत्पादक फक्सकनले भारतमा लगानी गर्ने बताएका छन् । यसबाट चीनलाई भारतले टक्कर दिन्छ भन्ने संकथनको खोजी गरिरहेका भारतका समर्थकहरु उत्साहित भएका छन् । तर, ती कम्पनीहरुले भारतमा सामना गर्नुपरेको चुनौतिहरु तथा ती कम्पनीको प्रमुख उत्पादन केन्द्र अझै चीन नै रहेको तथ्यलाई उनीहरु बेवास्ता गर्छन् ।

रोयल ब्यांक अफ स्कटल्यान्ड, हार्ले-डेविडसन र सिटिब्यांक जस्ता कम्पनीहरुको भारतबाट भएको बहिर्गमन तथा अन्य थुप्रै कम्पनीहरुको योजना रोकिएको विषयलाई उनीहरुले बेवास्ता गरेका छन् । चीनमा सम्भावित लगानीका लागि भएका बाधा देखेर उनीहरु खुशी हुन्छन् । तर, तथ्य के हो भने चीन स्वभाविक साझेदार हो र सहकार्यको फाइदा धेरै छ ।

त्यसैले, विश्वमा प्रभुत्व कायम गर्ने सपना देख्नुको सट्टा भारतीय नीति निर्माताहरुले आफ्नो अर्थव्यवस्था खुला गर्नुमा हामी सबैलाई ज्यादा फाइदा छ । त्यसो हुन सके चीनलाई नउछिने पनि भारत विश्व अर्थतन्त्रको प्रमुख खेलाडी भने हुनेछ । चीन र भारत संयुक्त रुपमा विश्वको जनसंख्याको एक तिहाइ हिस्सा ओगट्छन् । त्यस्तै, यी दुई देशले विश्वको उपभोक्ता वर्गको एक तिहाइ हिस्सा र उपभोक्ता खर्चको एक चौथाइ हिस्सा ओगट्छन् । २१औं शताब्दी भारतको शताब्दी नहुन सक्छ । तथापि, यो निश्चय नै एसियाको शताब्दी हो । यो तथ्यलाई वासिङ्टनले स्वीकार गर्न जरुरी छ, र सायद नयाँ दिल्लीले पनि । *नेपालखबर*

(साउथ चाइना मर्निङ पोस्टबाट । डेविड डडवेल व्यापार नीति तथा अन्तर्राष्ट्रिय सम्बन्धबारे परामर्श दिने संस्था स्ट्राटेजिक एक्सेसको सीईओ हुन् ।)

बालबालिकालाई निमोनियाबाट कसरी जोगाउने ?

मौसम परिवर्तनसँगै झरीको समयमा झाडापखाला, हैजा, टाइफाइड, जन्डिस, आउँ, निमोनिया जस्ता पानीजन्य रोगको संक्रमण हुने जोखिम बढी हुने गर्छ । विश्वमा प्रत्येक वर्ष झण्डै एक करोड बालबालिकाको मृत्यु निमोनिया, झाडापखाला, दादुरा, मलेरिया तथा कुपोषण जस्ता रोगबाट हुने गर्दछ ।

विश्व स्वाथ्य संगठनका अनुसार संसारभर करिब १६ लाख बालबालिकाको निमोनियाबाट मात्र मृत्यु भएको देखिन्छ । निमोनियाको संक्रमण सबैभन्दा बढी पाँच वर्षमुनिका बालबालिकालाई हुन्छ । निमोनियाको विषयमा चिकित्सकहरुले विभिन्न सुझावहरु दिएका छन् ।

निमोनिया भनेको के हो ?

निमोनिया भनेको फोक्सोमा आउने एक प्रकारको संक्रमण हो । जसमा फोक्सोका कोषहरू संक्रमित भएर श्वासप्रश्वासमा समस्या हुन्छ । यो मौसममा बढी पानी पर्ने भएकोले भिज्दा बालबालिकामा चिसो लाग्नसक्छ । रुघाखोकी धेरै लाग्छ । कतिपयलाई सामान्य रुघाखोकी लागेर आफै निको हुने गरेको छ । हाम्रो समाजमा ज्वरो आयो भने निमोनिया हुन्छ भन्ने मान्यता छ ।

के कारणले हुन्छ निमोनिया ?

धुमपान र मादकपदार्थ सेवन गर्ने मानिसको फोक्सोमा समस्या हुन्छ । जसको कारण निमोनिया गराउने कारकतत्वका रूपमा धुमपानलाई लिन सकिन्छ ।

निमोनिया एकबाट अर्कोमा सर्छ ?

निमोनियाको पनि प्रकार हुन्छ । जसमा भाइरल र ब्याक्टेरियल निमोनिया भएको छ भने संक्रमित व्यक्तिको कफ, मुखबाट निस्किने तरलबाट अर्को स्वास्थ्य व्यक्तिमा सर्न सक्छ । तर, अर्को फङ्गल निमोनिया भएको छ भने सर्दैन ।

निमोनिया नै भएको भनेर कसरी थाह पाउने ?

जन्मेको एक महिनासम्म बच्चाले दूध चुस्न सकेन, आलस्य भयो वा सुतेको ठाउँबाट उठ्न सकेन भने त्यो निमोनिया हो । अर्को, पाँच वर्षसम्मको बच्चामा रुघाखोकी लागेर बच्चा खेली रहेको छ भने त्यो सामान्य हो । बच्चा खाना नै नखाने नखेल्ने सय डिग्रीभन्दा धेरै ज्वरो आयो भने कडा निमोनिया हो भनेर बुझ्नु पर्दछ । बच्चामा धेरै ज्वरो देखियो र सास फेर्न गाह्रो भएको छ भने निमोनिया भएको बुझ्न सकिन्छ ।

निमोनियाको खोप कति समयमा लगाउने ?

अहिले मानिस खोप-खोप भनेर धेरैपछि लागेका छन् । शरीरको रोगसँग लड्ने एन्टिबडी दिने खोप छ । नेपाल सरकारले अहिले धेरै खोपहरू निःशुल्क दिएको छ । हेपाटाइटिस, लहरे खोकी, भ्यागुते रोग लागेमा धेरै समयको अन्तरमा धेरै खोपहरू ल्याएको छ । भ्याक्सिनले धेरै रोगबाट मुक्त गरेको छ । जुनजुन समयमा लगाउनु भनेर सरकारले खोप दिएको छ, त्यो समयमा बालबालिकामा खोप लगाउनु आवश्यक छ ।

निमोनियाबाट बच्न के गर्ने त ?

निमोनियाबाट बच्न बालबालिकालाई अरु

बेलाको तुलनामा धेरै पटक दूध चुसाउने गर्नुपर्छ । निमोनियाबाट संक्रमित व्यक्ति वा बच्चालाई फोहोर र धूलो वातावरणमा खेल्न दिनुहुँदैन । बच्चा जन्मेको छ महिनासम्म आमाको दूधमात्र खुवाउने गर्नुपर्छ । त्यसपछि भने दूधसँगै भ्होलिलो खानेकुराको साथै पोषिलो खानेकुरा जस्तै: माछा मासु, अण्डा, गेडागुडी, फलफूल, जाउला जस्ता भ्होलिलो खानेकुरा खुवाउने गर्नुपर्छ । समयमा सरकारले दिएको भ्याक्सिनहरू लगाउने, कुपोषण हुनबाट जोगाउने, गर्नुपर्दछ ।

लागूऔषधसहित पत्राउ

झापा, भदौ ७ । सुनसरी र झापाका छुट्टाछुट्टै स्थानहरुबाट लागूऔषधसहित सात जनालाई प्रहरीले पत्राउ गरेको छ ।

प्रहरी चौकी चारआलीको प्रहरी टोलीले चारआली चौकबाट शंकास्पद अवस्थामा हिँडिरहेका मेचीनगर नगरपालिका-१४ का २२ वर्षीय अजय राजवंशी र मेचीनगर नगरपालिका-१२ का २२ वर्षीय समिर धिमालको साथबाट तीन ग्राम लागूऔषधसहित उनीहरुलाई नियन्त्रणमा लिएको हो ।

त्यसैगरी वडा प्रहरी कार्यालय धरानले प्रतिबन्धित औषधि ट्रामाडोल १९२ एम्पुल र डिकोलिक १९२ एम्पुलसहित सुनसरीको धरान नगरपालिका- १० की १९ वर्षीया श्रद्धा क्षेत्री, २३ वर्षीय किसन राई, १५ वर्षीय गोपाल क्षेत्री र १७ वर्षीय उत्सव विकलाई उक्त परिणामको लागूऔषधसहित नियन्त्रणमा लिएको थियो ।

यसका साथै अस्थायी प्रहरी पोष्ट बरगाछी धरानबाट खटिएको प्रहरीको टोलीले झापा गाउँपालिका-६ घर भई हाल धरानको भोटेपुलमा होटल सञ्चालन गरी बसेका ६४ वर्षीय दिलबहादुर कार्कीलाई शंका लागेर चेकजाँच गर्दा उनको सुत्ने कोठाभित्रबाट स्पास्मोप्रोक्सिवन १०० ट्याब्लेट बरामद गरेको थियो ।

लागूऔषधसहित पक्राउ परेका सातै जनाविरुद्ध सम्बन्धित प्रहरी कार्यालयहरुबाट आवश्यक अनुसन्धान भइरहेको कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।

उत्तरपानी प्राविधिक शिक्षालय जीर्ण



धनकुटा, भदौ ७। मर्मतसंहारका लागि बजेट नहुँदा धनकुटा नगरपालिका-१० स्थित उत्तरपानी बहुप्राविधिक शिक्षालय जीर्ण बन्दै गएको छ।

वि.सं. २०४० मा आठ सय ६५ रोपनीमा स्थापित उक्त विद्यालयमा बाली विज्ञान र पशु विज्ञानतर्फ तीन वर्षे डोप्लोमा र १८ महिने प्रि-डिप्लोमाको अध्यापन हुँदै आएको छ। जिल्लाको एकमात्र कृषि प्राविधिक पढाइ हुने विद्यालयका नामले चिनिने यो विद्यालय कुनै बेला पर्यटकीय क्षेत्रका रुपमा समेत चिनिन्थ्यो। तर, अहिले यहाँ निर्मित ४७ भवन जीर्ण अवस्थामा छन्।

यस वरिपरिका रमणीय चिया बगान, माछा पोखरी लगायत स्थल अव्यवस्थित छन्। बनेका भवन, प्रयोगशाला तथा विभिन्न पूर्वाधार जीर्ण बन्दै जाँदा अध्ययन, अध्यापनमा समस्या हुँदै आएको विद्यालयका प्राचार्य शङ्कर कोइरालाले जानकारी दिए। मर्मतसंहारका लागि सरकारले पर्याप्त बजेट विनियोजन नगर्दा समस्या भएको उनको भनाइ छ। 'भवनका विषयमा विद्यार्थीको गुनासो आइरहन्छ' -कोइरालाले भने- 'लाइभस्टक र प्रयोगशाला जीर्ण हुँदा प्रयोगात्मक परीक्षा नै रोकिने गरेको छ।' हाल विद्यालयको अन्य शीर्षकमा आएको रकमबाट मिलाएर टालटुल गरी शिक्षालय सञ्चालन गरिरहेको उनले जानकारी दिए। शिक्षालयको भवन तथा संरचना मर्मत गर्न करिब रु चार करोड जति खर्च लाग्ने प्राचार्य कोइराला बताउँछन्।

वार्षिक एक सय ६० जना भर्ना लिने यस शिक्षालयमा हाल तीन सय २० विद्यार्थी अध्ययनरत छन्। सिटिइभिटीबाट सम्बन्धन प्राप्त देशभरिका ६५ आंगिक शिक्षालयमा कोशी प्रदेश अन्तर्गत सात वटा रहेका छन्। यसमा यो धनकुटाको एकमात्र पुरानो शिक्षालय हो। पछिल्लो समयमा स्थानीय तहहरुमा नै प्राविधिक शिक्षा सञ्चालनमा आउन थालेपछि यहाँ अध्ययन गर्न आउने विद्यार्थीको संख्यामा कमी आएकाले यसलाई बचाउन समेत चुनौति थपिएको प्राचार्य कोइरालाको भनाइ छ।

अर्जुनधारामा करेन्ट लागेर मृत्यु

झापा, भदौ ७। अर्जुनधारा नगरपालिका-९ निवासी एक युवाको करेन्ट लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

वस्तुलाई कुटी काट्ने मेसिनबाट अचानक श्रीमती २२ वर्षीया ममता रेग्मीलाई करेन्ट लागेपछि बचाउन खोज्दा २४ वर्षीय अमृत रेग्मीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता खगेन्द्र रिजालले बताए।

उनका अनुसार ममतालाई करेन्ट लागेपछि बचाउन खोज्दा उनलाई पनि करेन्ट लागेको थियो। करेन्ट लागेर घाइते भएका दुबैलाई उपचारका लागि शनिश्चरेस्थित शङ्कर अस्पताल लैजाँदै गर्दा अमृतको बाटैमा मृत्यु भएको उनको भनाइ छ।

ममताको अवस्था मध्यम रहेको र हाल बिर्तामोडस्थित बी एण्ड सी अस्पतालमा उपचार भइरहेको छ। अमृतको शवलाई कानूनी प्रक्रिया पूरा गरी शव परीक्षणका लागि मेची प्रादेशिक अस्पताल भद्रपुर पठाइएको प्रहरीले जनाएको छ।

इलाम नगरपालिका-२ स्थायी घर भएका रेग्मी परिवार केही समयदेखि अस्थायीरूपमा अर्जुनधारा-९ कटहरडाँडामा बसोबास गर्दै आएका थिए।

'पार्टी सुशासन, सामाजिक न्याय र समृद्धिको यात्रामा'

बिर्तामोड, भदौ ७। नेकपा (माओवादी केन्द्र)का केन्द्रीय सदस्य इन्द्र आङ्बो (मौसम)ले पार्टी सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धिको यात्रामा अघि बढेको बताएका छन्।

पार्टीले सञ्चालन गर्न लागेको 'जनतासँग माओवादी विशेष रुपान्तरण अभियान'को अभिमुखीकरण कार्यक्रम तथा जिल्ला समन्वय समिति झापाको विस्तारित बैठकलाई सम्बोधन गर्दै नेता आङ्बो यस्तो बताएका हुन्।

मुलुकलाई समाजवादको बाटोमा अघि बढाउने पार्टीको मूल उद्देश्य भएकाले सामाजवाद स्थापित गर्न सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धि अपरिहार्य रहेको उल्लेख गरे। मुलुक हरेक कुरामा परनिर्भर भइरहेको अवस्थाको अन्त्य गर्न हरेक नेता-कार्यकर्ता जनतामाझ गएर उत्पादन, बजारीकरण, औद्योगिकीकरणमा जोडिनुपर्ने पार्टीको नीति अनुरुप चल्नुपर्ने उहाँले बताए।

त्यस्तै, केन्द्रीय सदस्य शिवकुमार मण्डलले माओवादीकै एजेण्डामा मुलुकमा चले पनि जनतालाई बुझाउन नसक्दा पार्टी कमजोर बन्दै गएको बताए। पार्टीको दोष हटाउन र पार्टीलाई जिवन्त बनाउन पार्टीले निर्धारण गरेको तीन महिने अभियान फलदायी हुने उनले विश्वास व्यक्त गरे। पार्टीलाई बलियो बनाउन माओवादी नेता-कार्यकर्ता स्वमय् सच्चिन जरुरी रहेको समेत उनले बताए।

पछिल्लो समय माओवादी पार्टी पोखरीमा जमेको पानी जस्तो भएको बताउँदै उनले अब गड्गडाएर बग्ने खोला बनाउन पार्टीले तीन महिने अभियान सञ्चालन गर्न लागेको बताए। परिवर्तनका लागि राष्ट्रियता र सुशासन अनिवार्य भएकाले माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकार मुलुकमा सुशासन कायम गर्न लागीपरेको बताए।

माओवादी केन्द्र जिल्ला समन्वय समिति झापाका अध्यक्ष राजु आचार्य अग्निले भदौ १६ देखि मंसीर १५ गतेसम्म पार्टीले 'घर-घरमा माओवादी, जन-जनमा माओवादी' भन्ने नाराका साथ जनतासँग माओवादी विशेष रुपान्तरण अभियान सञ्चालन गर्न लागिएको बताए। अभियान अन्तरगत झापाका एक सय ३१ वटै वडाको वडागत जिम्मेवारी पाउनेहरु प्रमुख तथा सदस्यको नामावली वाचन गरेका थिए।

कार्यक्रममा झापा क्षेत्र नं. ३ का संयोजक भवानीप्रसाद दंगालले केन्द्रीय सर्कुलर वाचन गरेका थिए भने कार्यक्रमको सञ्चालन पार्टीका जिल्ला सचिव मोहन टुडूले गरेका थिए।

कार्यक्रममा केन्द्रीय सदस्य झलकबहादुर दर्लामी मगर (सन्देश), राजेन्द्र कार्की (नविन), रञ्जित तामाङ, गोङ्बु शेर्पा (कर्जायाङ), हरिकुमार राना, मोहन खड्का, ज्योतिसिंह दर्लामी, ममता राजवंशी, केन्द्रीयय अनुशासन आयोग सदस्य पूर्णसिंह राजवंशी, प्रदेश नं. १ सचिव गणेश उप्रेती (सुशील, सहसचिव रचना राई, जिल्ला सहइञ्चार्ज, शहीद बेपत्ता परिवार लगायतका नेता कार्यकर्ताहरुको उपस्थिति रहेको थियो।

माओवादी केन्द्रको केन्द्रीय समिति बैठकले तीन महिने 'जनतासँग माओवादी विशेष रुपान्तरण अभियान' घोषणा गरेको थियो। उक्त बैठकले नेताहरुको कार्यविभाजन गर्नुका साथै 'जनतासँग विशेष रुपान्तरण अभियान'को घोषणा गरेको थियो भने अभियानमा अध्यक्ष प्रचण्डदेखि सबै केन्द्रीय सदस्यहरु वडा-वडामा पुगेर जनतासँग जोडिने भएका छन्।

याक्थुङ स्टारको फाइनल बिर्तामोडमा

कमल, भदौ ७। याक्थुङ स्टार सिजन वानको फाइनल बिर्तामोडमा सम्पन्न हुने भएको छ।

अमरकृति म्युजिक प्रा.लि. ताप्लेजुङको आयोजनामा भइरहेको 'याक्थुङ स्टार' सिजन वानको फाइनल आगामी भदौ १० गते (२७ अगष्ट २०२३)का दिन बिर्तामोडस्थित सिटी सेन्टर पार्टी प्यालेसमा हुने आयोजकले जनाएको छ।

सिङ्गिग रियालिटी शोको फाइनल राउण्डमा नेपाल लगायत छिमेकी देश सिक्किम, आसाम लगायतका स्थानबाट सहभागी छ जना प्रतिष्पर्धी फाइनलमा सहभागी हुने अमरकृति म्युजिक प्रा.लि.का अध्यक्ष तथा याक्थुम स्टारका कार्यक्रम संयोजक ब्रोसीस मावोहाङ्ग याक्थुमले जानकारी दिए।

याक्थुङ स्टार सिजन वानको फाइनलमा पाँचथरका उदय बेघा, दिलीप मुखिया र बीबी लिम्बू आसामका तारावीर, लिम्बू दक्षिण सिक्किम अञ्जना लिम्बू र पश्चिम सिक्किमबाट आइतहाङ लिम्बूले फाइनलमा प्रतिष्पर्धा गर्नेछन्। फाइनलमा पुगेका कसैले पनि खाली हात फर्कनुपर्ने छैन। सबै प्रतिष्पर्धीले नगद, ट्रफी, गीत रेकर्डिङ्को अवसर प्राप्त गर्ने छन्।

कार्यक्रममा लेखक, साहित्यकार, संगीतकारलाई इनभिरीयङधङ्वा (तमोर सभ्यता) नामक अवार्डद्वारा सम्मान गरिने बताइएको छ। सम्मानित हुनेमा सन्धिया याक्थुमा लिम्बू, सुकवीर याक्थुम लिम्बू, शरण याक्थुमा लिम्बू र सञ्चमाया ताम्लिङलाई सम्मान गरिने कार्यक्रम संयोजक संयोजक ब्रोसीस मावोहाङ्गले जानकारी दिए।

ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेडसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२, ९८०१३६४०९३

उच्च गुणस्तर सुलभ मूल्य
सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।

सम्पर्क :
९८०४९५४४००
९८६६२४२४६६
अर्जुनधारा न.पा.- ४ झापा

निक्षेप रकम उपर हक दाबी गर्न आउने ३५ दिने सूचना

किर्ति मान दमाईको छोराबुहारी, कने दमाईको छोरी तिल मान दमाईको पत्नी कोशी प्रदेश ओखलढुंगा जिल्ला पोकलि गा.वि.स वडा नं. ०३ स्थायी ठेगाना भई हाल कोशी प्रदेशको लिखु गाउँपालिका वडा नं. ०५ बस्ने नैन माया दमाईले यस शाखामा बचत खाता नं. १८२१५२४३४०३३२० र १८२१५२४१४१५५७८ सञ्चालन गर्दै आउनु भएकोमा मिति ३०८०/०३/२१ मा निज खातावाला नैन माया दमाईको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको पति नाता पर्ने तिल मान दमाईले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक खातावाला नैन माया दमाईको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिनु नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको बिर्तामोड शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने बेहोरा समेत जानकारी गराइन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

बिर्तामोड शाखा
मुक्तिचोक, बिर्तामोड, झापा
फोन नम्बर : ०२३-५३०९१०

बिमालेख हरायो

बिर्तामोडबाट काँकरभिट्टा जाने क्रममा यही मिति २०८०/०४/०१ गते मेरो निम्न व्यहोराको एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

नाम:- देवराज गिरी
ठेगाना:- मेचीनगर-८, झापा
पोलेसी नं.:- ५९०८०००३९४
कम्पनी नाम: एशियन लाइफ इन्स्योरेन्स

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ।

विशाल हरिजन
९८२४९९०४६२,९७४५२६०८२५
९८१४९९३७१२, ९८४२६७७८५५

नोट: आधुनिक प्रविधिबाट सञ्चालित झापाकै सबैभन्दा ठूलो सेफ्टी ट्यांकी अनुभवी व्यक्तिबाट ट्वाइलेट ब्लक भएमा सर्भिसको व्यवस्था छ।

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

नि:शुल्क स्वास्थ्य शिविर

यही मिति २०८०/०५/१३ र १४ गते बिहीबारका दिन बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर अष्टाङ्ग आयुर्वेद फार्मेसीमा आयुर्वेदका डाक्टर र फिजियोथेरापीका डा. ले नि:शुल्क चेकजाँच गर्ने। साथै विभिन्न सेवा मा विषेश छुटको समेत व्यवस्था गरिएको छ। अनि १४ गते बिहीबार वृहत रक्तदान कार्यक्रमको पनि आयोजना छ नबिर्सी आउनु होला।

विस्तृत जानकारीका लागि :
बिर्ता आर्युवेद एण्ड फिजियोथेरापी सेन्टर
बिर्तामोड, राजगढ स्टेण्ड दक्षिण
फोन: ०२३-५३२३६६, ५९०१६६,
मोबाइल : ९८०६०००३१३

हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर काठमाडौंका विशेषज्ञ बिर्तामोडमा

स्पार्क अस्पताल काठमाडौंका बरिष्ठ **डाक्टर अनिलकुमार महतो** यही **भदौ १५ गते शुक्रबार** स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ। आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस्।

जाँच हुने समस्याहरु :
- ढाड, कम्मर, गर्दन। घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झम्झमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

समय : बिहान ८:०० देखि ३:००

स्पार्क पूर्वाञ्चल अस्पताल,
कनकाई रोड, नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८५२६७५०३३

इ-साइकल र स्कुटी

ब्याट्रीबाट चल्ने स्कुटी र साइकल

100 KM Mileg- Rs. 10

विशेष छुटमा Rs. 65,000/-
विशेष छुटमा Rs. 1,50,000/-

जिटेक तराजु & ई-साइकल पसल
पुरानो भद्रपुर रोड, बिर्तामोड
9817949745, 9802742456

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -
आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुने छन्।

बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -
धार्मिक तीर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -
समय अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, सुखद् खबर सुनिने छ, व्यापार-व्यवसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -
स्वास्थ्य प्रतिकुल बनेर जानेछ, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -
यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला।

तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -
बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला।

धनु (ये, यो, भ, मि, भु, ध, फा, ढ, भे) -
मनमा सन्ताप बढेर जानेछ, क्रोधलाई नियन्त्रणमा राख्नुहोला, अधिक खर्च हुने समय छ, मावली पक्षबाट अशुभ समाचारको योग छ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -
कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुनसक्छ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नाले मन हर्षित हुनेछ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -
मन अशान्त रहन सक्छ, पारिवारिक कारणले मनमा चिन्ता बढ्नेछ, व्यर्थको यात्रा गर्नुपर्नेछ, खर्च बढेर जानेछ खर्चिलो योग रहेको छ।